का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ भदौ २०८०,
सोमबार
28 August 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २१४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



ललिता निवास प्रकरण

# पूर्वप्रधानमन्त्रीद्वय नेपाल र डा. भट्टराईलाई शंकाको सुविधा

सीआईबीले संगठित अपराधको कसुरमा मुद्दा चलाउन सिफारिस गरेको थियो । तर सरकारी वकिलको कार्यालयले पूर्वप्रधानमन्त्रीद्वयलाई शंकाको सुविधा दिनुका साथै संगठित अपराधमा समेत मुद्दा नचल्ने निर्णय गरेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० भदौ ।

बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधव कुमार नेपाल र डा. बाबुराम भट्टराईलाई प्रतिवादी बनाइएको छैन । सरकारी वकिलको कार्यालयले अनुसन्धानमा खुल्न आएका बखत मुद्दा गर्ने गरी पूर्वप्रधानमन्त्रीद्वयलाई प्रतिवादी नबनाएको बताएको छ ।

जिल्ला न्यायाधीवक्ता महेशप्रसाद खत्रीका अनुसार 'पछि थप अनुसन्धानले खुलिआएका बखत पेश गर्ने' भनेर प्रतिवादी नबनाएको हो। उनी भन्छन्, 'पूर्वप्रधानमन्त्रीहरु र अन्य प्रतिवादी नभएकाहरुको हकमा मुद्दा खुला राखिएको छ ।'

पृष्ठ २ मा

## २९० जनाविरुद्ध मुद्दा दर्ता १८ अर्ब बिगो दाबी

यस प्रकरणमा २९० जनाविरुद्ध सरकारी लिखत कीर्तेको कसूरमा मुद्दा दर्ता भएको छ । सीआईबीले दिएको रायसहितको प्रतिवेदनका आधारमा सरकारी वकिलले मुद्दा दर्ता गरेको हो ।

सरकारी वकिलको कार्यालयका महेश खत्रीका अनुसार सीआईबीले प्रतिवादीहरुलाई संगठित अपराधको कसूरमा मुद्दा चलाउन सिफारिस गरेको थियो । तर, सरकारी वकिलले संगठित अपराधमा मुद्दा नचल्ने निर्णय गरेको छ । ललितानिवासको जग्गाबारे २०४९, २०६०, २०६२, २०६७ र २०६९ सालमा विभिन्न सरकारी निकायबाट निर्णय भएर सरकारी जग्गा व्यक्तिको नाममा दर्ता भएको थियो । यो प्रकरणमा १८ अर्ब बिगो दाबी गर्दै मुद्दा दायर गरिएको छ । पुरानो घटना भएकाले यसमा मुलुकी ऐन, २०२० अनुसारको बिगो दाबी माग गरिएको छ ।

## सञ्चार सचिव प्रतिवादी, पूर्वनिर्वाचन आयुक्तलाई उन्मुक्ति





सीआईबीले पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाहलाई प्रतिवादी बनाउन सिफारिस गरेको थियो । तर सरकारी वकिलले शाहलाई प्रतिवादी बनाउनुनपर्ने निर्णय गरेको छ । सीआईबीको अनुसन्धानमा उनले तत्कालीन जिल्ला मालपोत कार्यालय, भक्तपुरको प्रमुख रहँदा भूमाफियालाई सहयोग गर्ने गरी काम गरेको खुलेको थियो । त्यसवापत शाहले श्रीमती उर्मिला शाहको नाममा ११ आना २ पैसा जग्गा लिएको सीआईबीको अनुसन्धान प्रतिवेदनमा उल्लेख थियो । सुधीर पत्नी उर्मिला शाह र गेहनाथ पत्नी भुवनकुमारी चापागाईंको नाममा कित्ता नं. ३६ को १ रोपनी २ पैसा जग्गा पनि भेटिएको थियो ।

पृष्ठ २ मा



## ५२ जनाको जग्गा जफत हुने

ललिता निवास जग्गा प्रकरणमा जिल्ला सरकारी वकिल कार्यालयले ५२ जनाबाट जग्गा जफत गर्न मागदाबी गरेको छ । यो प्रयोजनका लागि कार्यालयले ५२ जनालाई प्रतिवादी बनाएर जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको हो ।

उनीहरुमाथि किर्तेको अभियोग छैन, तर किर्ते कामबाट जोडिएको जग्गा किनेकाले त्यो जग्गा जफत गर्ने प्रयोजनका लागि प्रतिवादी बनाइएको जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले जनाएको छ ।

सीआईबीले जग्गा फिर्ताको मञ्जुरीनामा दिनेमाथि पनि मुद्दा नचल्ने राय दिएको थियो, तर सरकारी वकिल कार्यालयले उनीहरुलाई जग्गा जफतको प्रयोजनका लागि मात्र प्रतिवादी बनाउने निर्णय गरेको हो ।

# कोशीमा बजेट होलिडे

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० भदौ ।

कोशी प्रदेश बजेट होलिडेको अवस्थामा पुगेको छ । तत्कालीन मुख्यमन्त्री हिक्मतकुमार कार्कीले ल्याएको बजेट अध्यादेश आइतबार निष्क्रिय भएपछि प्रदेश बजेट होलिडेको अवस्थामा गएको हो ।

गत जेठ ३२ गते तत्कालीन मुख्यमन्त्री कार्कीले अर्थमन्त्रीको हैसियतमा ल्याएको बजेट अध्यादेश १४ असारमा प्रदेशसभामा पेस भएको थियो । प्रदेशसभामा पेश भएको ६० दिनभित्र प्रतिस्थापन विधेयक नल्याए उक्त अध्यादेश निष्क्रिय हुने संवैधानिक व्यवस्था छ । उक्त विधेयक प्रदेशसभामा पेस भएको आइतवार ६० दिन पूरा भएको छ ।

पहिलेको बजेट पास नहुने र प्रतिस्थापन विधेयक यथास्थितिमा ल्याउन नसकिने अवस्थाका कारण कोशी प्रदेशमा बजेट होलिडेको अवस्था आएको हो । वर्तमान मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत लिँदा सभाध्यक्षले मत दिएको विरोधमा एमालेले दिएको मुद्दामा सर्वोच्च अदालतले मुख्यमन्त्री उद्धव थापाको सरकारलाई गम्भीर प्रकारका निर्णयहरू नलिन आदेश दिएको छ ।

प्रदेश सरकारले अध्यादेशमार्फत अर्को बजेट ल्याउने तयारी गरिरहँदा सर्वोच्च अदालतले दीर्घकालीन असर पर्ने र नीतिगत प्रकृतिका निर्णय नगर्न आदेश दिएपछि अध्यादेश ल्याउन पनि सरकारलाई अप्ठेरो परेको हो ।

एमाले नेतृत्वको प्रदेश सरकारमा सहभागी माओवादी केन्द्र र जसपा समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका मुख्यमन्त्री कार्कीले गत जेठ ३२ गते अध्यादेशमार्फत बजेट ल्याएका थिए ।

उक्त बजेटमा चालुतर्फ १४ अर्ब ३९ करोड ६२ लाख ६६ हजार र पुँजीगततर्फ १८ अर्ब २३ करोड ५२ लाख रुपैयाँ विनियोजन गरिएको थियो । असार १५ गते प्रदेशसभाबाट विश्वासको मत लिन नसकेपछि मुख्यमन्त्री कार्की पदमुक्त भएका थिए ।

> बजेट होलिडेको अवस्था आएपछि प्रदेश सरकारले सर्वोच्च अदालतकै राय माग्ने नीति लिएको छ । प्रदेश सरकारका अधिकारीहरुका अनुसार पूर्वमुख्यमन्त्री कार्कीले दायर गरेको रिटको टुंगो नलागेसम्म प्रदेशमा बजेट शून्यता नहोस् भनेर सर्वोचको राय मागिएको छ ।

बजेट होलिडेको अवस्था आएपछि प्रदेश सरकारले सर्वोच्च अदालतकै राय माग्ने वा पर्खिने नीति लिएको छ । प्रमुख विपक्षी दल एमालेका प्रदेश संसदीय दलका नेता एवं पूर्व मुख्यमन्त्री हिक्मत कार्कीले दायर गरेको रिटको पेसी भदौ १५ गतेलाई तोकिएको छ । र मुद्दाको टुंगो नलागेसम्म प्रदेशमा बजेट शून्यता नहोस् भनेर सर्वोचको राय मागिएको जनाइएको छ ।

सर्वोच्च अदालतको पछिल्लो आदेशले प्रतिस्थापन विधेयक ल्याउन सक्ने वा नसक्ने भन्ने अन्योलको अवस्था भएको कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री बाबुराम गौतम बताउँछन् । प्रदेश सरकारलाई यातायात, मालपोत, वन जङ्गल, ढुंगा/गिटी लगायतका क्षेत्रबाट राजस्व संकलन गर्ने अधिकार छ ।

# संसदीय समितिको सभापतिमा भागबण्डा समेटियो राप्रपा छुट्यो रास्वपा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० भदौ ।

आम चुनाव भएको ९ महिनापछि प्रतिनिधिसभाका १० वटा विषयगत समितिले सभापति पाउने भएका छन् । आइतबार भएको मनोनयनका क्रममा प्रतिनिधिसभाका ९ वटा विषयगत समितिका सभापतिमा एमल उम्मेदवारी परेका कारण उनीहरु सर्वसम्मत चुनिने भएका छन् । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा भने दुई जनाको उम्मेदवारी परेको छ ।

प्रतिनिधिसभाको १० वटा विषयगत समितिको सभापति चयनका लागि सोमबार निर्वाचन राखिएको छ ।

सर्वसम्मत सभापति चुनिएका संसदीय समितिको सभापतिमा राप्रपाका उम्मेदवार समेत छन् । भागवण्डामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाहेकका दलहरूबीचमा सहमति भएकाले त्यसअनुसार उम्मेदवारी परेको हो । सर्वसम्मत सभापति चुनिनेहरुमा रास्वपाका उम्मेदवार छैनन् । दलहरुबीच सहमतिमा माओवादीको भागमा परेको पूर्वाधार विकास समितिको सभापतिमा राप्रपाका दीपकबहादुर सिंहले उम्मेदवारी दिए । आइतबार अन्तिम समयमा माओवादी र राप्रपाको सहमतिमा सिंह उम्मेदवार भएका हुन् । यो सँगै संसदीय समितिको भागवण्डामा संसदको पाँचौं ठूलो दल राप्रपा समेटिएको छ । तर राप्रपासँगै ठूला दलहरुले गरेको भागवण्डाको विरोध गर्दै आएको अर्को चौथो ठूलो दल रास्वपा भने छुटेको छ । सार्वजनिक लेखा समिति सभापतिमा नेकपा एमालेका ऋषिकेश पोखरेलको मात्र उम्मेदवारी परेको छ ।

पृष्ठ २ मा



*नेपाली कांग्रेसबाट आरजु राणा देउवा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति सभापतिमा उम्मेदवारी दर्ता गर्दै ।*

> माओवादीले आफ्नो भागमा परेको पूर्वाधार समितिको सभापति छोड्दा पाँचौं ठूलो दल राप्रपा समेटियो । सर्वसम्मत सभापति चुनिनेहरुमा चौथो ठूलो दल रास्वपाका उम्मेदवार छैनन् ।

## वैदेशिक रोजगार विशेष

# सप्लाई कम्पनीको काम नेपालमै सुनिश्चित हुनुपर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० भदौ

साउदी अरेबियामा सप्लाई कम्पनीमा जाने कामदारको नेपालबाट नै काम गर्ने कम्पनी सुनिश्चित हुनु पर्ने भएको छ । साउदी अरेबियामा सप्लाई कम्पनीमा गएका नेपालीहरु बढीजसो समस्यामा पर्ने गरेको समाचार सार्वजनिक भएपछि वैदेशिक रोजगार विभागले आइतबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघ नेतृत्वसँग समस्या समाधानका विषयमा छलफल गरेको थियो ।

विभागका महानिर्देशक मदन दहालले तत्कालका लागि सप्लाई कम्पनीको श्रम स्वीकृति रोक्नुपर्ने धारणा राखेका थिए । तर संघले श्रम स्वीकृति रोक्नु समस्याको समाधान नभएको धारणा राखेपछि सप्लाई कम्पनीको समस्यालाई समाधान गर्न यस्ता कम्पनीहरुमा नेपाली कामदारको मागपत्र प्रमाणीकरण गर्नुअघि रोजगारदाता कम्पनीले

पृष्ठ २ मा

## नक्कली सर्टिफिकेट दिएर जापान पठाउने कुन-कुन म्यानपावर हुन् ?

**काठमाडौं/मस-** जापान जान अनिवार्यरुपमा लिनुपर्ने जापानी सस्कृति तथा भाषा परीक्षा नै नदिएकाबरु पनि नक्कली सर्टिफिकेट लिएर वैदेशिक रोजगारीका लागि जापान पुगेको खुलेको छ। विगत १२ वर्षदेखि तत्कालीन श्रम मन्त्रालय र हालको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट अनुमति प्राप्त जाईका अल्मुनाई एशोसिएसन अफ नेपाल (जान)ले लिने भाषा संस्कृतिसम्बन्धी परीक्षा उत्तीर्ण आवेदकहरु जापानको श्रम स्वीकृतिका लागि योग्य मानिन्छन् ।

पृष्ठ २ मा

# पेसी व्यवस्थापनमा अटोमेसन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० भदौ ।

सोमबारदेखि सर्वोच्च अदालतमा अटोमेसनमा पेसी व्यवस्थापन हुने भएको छ । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठका अनुसार पेसी व्यवस्थापनमा अटोमेसन प्रणाली शुरु गर्न लागिएको हो ।

आइतवार पत्रकारहरुसँग भएको भेटमा प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले पूर्णरुपमा प्रविधिमैत्री भएर अगाडि बढ्न लागेको बताए । 'सानातिना व्यवस्थापकीय कार्यबाट अनियमिततालाई छेक्ने, अनियमितता हुन नदिने काम हुन सक्छ । त्यसकारण यसलाई रोक्न पेसी व्यवस्थापनमा मानवीय हस्तक्षेप नहुने प्रविधि (अटोमेसन) शुभारम्भ गर्दैछौं' प्रधानन्यायाधीश श्रेष्ठले भनेका छन् । साथै उनले न्यायाधीश नियुक्ति प्रक्रिया शुरु गरिसकेको पनि बताए ।

उनका अनुसार पहिला सर्वोच्च अदालतमा परीक्षणका रुपमा मुद्दाको पेशी तारिख अटोमेसन प्रणालीबाट सुरु गरिन्छ, परीक्षण सफल भए काठमाडौँ जिल्ला अदालत र धेरै मुद्दा भएका अदालतमा प्रयोगमा ल्याइनेछ । यो प्रविधि सर्वोच्च अदालतको सूचना प्रविधि शाखाले बनाएको हो । यसको प्रयोग सफल भए न्यायसम्पादनमा सबैलाई फाइदा पुग्ने विश्वास लिइएको छ ।

पृष्ठ २ मा

# अब भैरहवाबाट हङकङ र दिल्लीमा उडान

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १० भदौ ।

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हङकङ र नयाँ दिल्लीमा नियमित उडान हुने भएको छ । नेपाल वायुसेवा निगमले यही १२ भदौ २०८० देखि काठमाडौंलाई ट्रान्जिट बनाएर हङकङ र नयाँ दिल्लीमा नियमित उडान गर्न लागेको हो ।

पृष्ठ २ मा

> भैरहवाबाट हरेक मंगलबार हप्ताको एक उडानबाट शुरु गरी बजारको माग तथा निगमको बजार व्यवस्थापन अनुसार उडानको संख्या बढाउँदै लैजाने योजना रहेको जनाइएको छ ।



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
११ भदौ २०८०, सोमबार
28 August 2023, Monday

# सीमा क्षेत्रमा ट्राफिक प्रहरीले अनियमितता गरेको आरोप

**शहबाज खान/कमध्यान्ह**
कपिलवस्तु, १० भदौ



कृष्णनगर ट्राफिक प्रहरीले सवारी चालकलाई सास्ती दिने गरेको गुनासो बढ्न थालेको छ । ट्राफिक प्रहरीले भारतीय मालवाहक गाडी चालकलाई अनावश्यक कमीकमजोरी देखाई दुःख दिने गरेको भारतीय गाडी चालकहरु बताउँछन् ।

सवारी दुर्घटनाको रोकथाम गर्न र दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, सर्वसाधारण जनतालाई सरल एवं सुलभ ढंगबाट यातायात सुविधा उपलव्ध गराउन, यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन ट्राफिक प्रहरीको अहम भूमिका हुने गरेको छ । त्यही सवारीको ऐन कार्यान्वयन गर्ने/ गराउने नाममा ट्राफिक कार्यालय कृष्णनगरको टोलीले आफै नियम उल्लंघन गर्ने गराउने गरेको पाइएको हो ।

कृष्णनगर-बहादुरगनञ्ज सडकखण्ड अन्तर्गत सुरही र घोरही खोलाका पुल नजिकै आसपास क्षेत्रमा दैनिक चेकजाँच गर्न छड्के खटिने गरेपनि व्यक्ति अनुसार व्यवहार फरक-फरक देखाउने गरेको देखिएको छ । भारतीय नम्बर प्लेटका मालवाहक गाडीको सन्दर्भमा गाडी प्रवेश गर्दा ट्राफिकले बनाएको बिटमा इन्ट्रीको नाममा गाडीको प्रतिनिधिभित्र प्रवेश गर्ने लामो दुरीका लागि यात्रा भए जरिवाना काट्ने गरेका छन् । कपिलवस्तु जिल्लाभित्र मात्र ३ सय रुपैयाँ लिएर मात्र जाने दिने गरेको भारतीय मालवाहक गाडीका चालक बताउँछन् ।

मालवाहक गाडी चालकका अनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरीको बिटमा गएपछि त्यहाँ पनि ५० रुपैयाँ र प्रतापगढ लगायत ठाउँबाट आउने नयाँ चलाकसँग १ सयदेखि २ सयसम्म पनि तिर्ने गरेका छन् । ट्राफिकले छड्के चेकिङको बेला पनि जरिवाना नकटाउँदा २ सय रुपैयाँमा काम चल्ने गरेको उनीहरु बताउँछन् ।

यस्तै भारतीय नम्बर प्लेटका साधनहरु भन्सार गराएर आएका पर्यटकलाई प्रवेश गर्दा केही जानकारी नगराउने र छड्के चेकिङमा नम्बर प्लेट र इन्डिकेटर साइड ग्लास नियम संगत नभएको भन्दै १ हजार जरिवानाको काट्ने गरेका छन् । उनीहरुले रसिद नलिएमा २ सयदेखि ३ सयसम्म लिई छोड्ने गरेको बताउँछन् । छड्के चेकिङमा ट्राफिक प्रहरीले सूचना बोर्ड समेत नराख्ने, पूर्ण पोसाकमा नहुने, आफै कानून उलंघन गर्ने गरेको पाइएको छ ।

कृष्णनगरदेखि चन्द्रौटा, बुटवल, दाङ, तौलिहवाको लागि सञ्चालनमा रहेका सार्वजनिक बसहरुबाट सम्बन्ध राखेका ब्रेक लाइट, इन्डिकेटर नभएको नम्बर प्लेट समेत नदेखिएको क्षमताभन्दा बढी सवारी बोकेर बस बिना अवरोध दैनिक चलाउन छुट दिने तर पहुँच नभएका, गाउँका निमुखा, किसान कहिलेकाही रोडमा व्यक्तिको साधन भेटिएमा ब्लुबुक, लाइसेन्स नभएका चालकलाई चेकिङको नाममा सास्ती दिने गरेको मोटरसाइकल चालकहरु बताउँछन् ।

गाडीको अवस्था देखाएर १ हजार जरिवाना काट्न सुनाउने र मिलाएर गएमा २ सयदेखि ३ सय रुपियाँमा छोड्ने गरेको स्थानीयको गुनासो छ । ट्राफिक प्रहरीले अनावश्यक तरिकाले सधैँ जसो चेकिङ्ग लगाएर पैसा असुली गर्ने काम मात्र गर्ने गरेको भन्दै चोक चौराहामा चर्चापरिचर्चा समेत चल्न थालेको छ ।

नेपाली नम्बर प्लेटका सवारी साधन प्रयोग गर्नेहरुलाई पनि ब्लु बुक नवीकरण नभएको लाईसेन्स नभएको, हेलमेट प्रयोग नगरेको र सीट क्षमताभन्दा बढी सवार भएको भेटाएमा जरिवाना तिराउने प्रावधान छ । तर जरिवाना रसिद नकाटी सरकारको राजस्व छली गर्दै २ सयदेखि ५ सयसम्म असुल्ने गरेका छन् ।

जिल्ला ट्राफिक कार्यालय गोरुसिङ्गेका प्रहरी निरीक्षकले यस विषयमा अहिलेसम्म कुनै किसिमको जानकारी नआएको बताउँछन् । उनले ट्राफिकले चुस्त दुरुस्त सेवा दिनको लागि खटेको बताउँदै उक्त विषयमा सम्बन्धित कार्यालयमा बुझेर आवश्यक कदम चाल्ने बताए ।

# सर्लाहीबाट स्ववियु सभापतिको स्थानमा परीक्षा दिने नक्कली परीक्षार्थी पक्राउ

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १० भदौ

प्रहरीले सर्लाहीबाट स्ववियु सभापतिको स्थानमा परीक्षा दिने नक्कली परीक्षार्थीलाई पक्राउ गरेको छ । स्नातक तहअन्तर्गत मानविक शास्त्र विषयको परीक्षा दिने क्रममा आइतबार बरहथवा नगरपालिका-७ मा रहेको शुभ जनता बहुमुखी क्याम्पस परीक्षा केन्द्रबाट २० वर्षीय विष्णु कुमार श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको हो ।

हरिवनस्थित चतुर्भुजेश्वर बहुमुखी क्याम्पसमा माओवादी निकट अनेरास्ववियु क्रान्तिकारीको तर्फबाट स्वविय सभापतिमा निर्वाचित प्रेमराज दहालको स्थानमा परीक्षा दिइरहेको अवस्थामा भेटेपछि प्रहरीले श्रेष्ठलाई पक्राउ गरेको हो ।

हरिवनस्थित श्री चतुर्भुजेश्वर बहुमुखी क्याम्पसका परीक्षार्थी सिम्बल नं. ६०२३२३३३८ भएका प्रेमराज दहालको परीक्षा दिइरहेको अवस्थामा हरिवन नगरपालिका वडा नं. १ का २० वर्षीय श्रेष्ठलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बरहथवाका डीएसपी लिलाराज लामिछानेले बताए । पक्राउ परेका श्रेष्ठमाथि अनुसन्धान भइरहेको लामिछानेले बताए ।

### पूर्वप्रधानमन्त्रीद्वय...

पूर्वप्रधानमन्त्रीद्वयलाई अनुसन्धानको दायरामा नल्याइएको भन्दै व्यापक आलोचना भएपछि सीआईबीले अन्तिम समयमा उनीहरूको घरमै पुगेर बयान कागज गरेको थियो । सीआईबीले पनि दुवै जनालाई प्रतिवादी बनाउन सिफारिस गरेको थिएन ।

यस प्रकरणमा ४ पूर्वमन्त्री तथा बहालवाला सञ्चार सचिव कृष्णबहादुर राउत समेतलाई प्रतिवादी बनाएर काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको छ । तत्कालीन उपप्रधान तथा भौतिक पूर्वाधार मन्त्री विजयकुमार गच्छदार, तत्कालीन भूमिसुधार मन्त्रीद्वय चन्द्रदेव जोशी र डम्बर श्रेष्ठ तथा तत्कालीन भौतिक पूर्वाधार राज्यमन्त्री सञ्जय साहलाई प्रतिवादी बनाइएको छ ।

### संचार सचिव...

तर, सीआईबीले उनलाई प्रतिवादी बनाएन् । बरु सीआईबीले प्रतिवादी बनाउन नपर्ने भनेको सचिव कृष्णबहादुर राउतलाई भने प्रतिवादी बनाउने निर्णय सरकारी वकिलको कार्यालयले गरेको छ ।

### संसदीय समितिको...

एमालेकै किरण साहले महिला बालबालिका तथा सामाजिक समितिको सभापतिमा उम्मेदवारी दर्ता गराएका छन् ।

नेपाली कांग्रेसबाट आरजु राणा देउवाले कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति, रामहरि खतिवडाले राज्य व्यवस्था तथा सुशासन समिति र सन्तोष चालिसेले अर्थ समितिको सभापतिमा उम्मेदवारी दिएका छन् ।

कानुन, न्याय तथा मानव अधिकार समितिको सभापतिमा माओवादी केन्द्रकी विमला सुवेदीको मात्र उम्मेदवारी परेको छ ।

अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जनता समाजवादी पार्टीका राजकिशोर यादवको मात्र उम्मेदवारी परेको छ भने स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा एकीकृत समाजवादीका भानुभक्त जोशीले मात्र उम्मेदवारी दर्ता गराएका छन् ।

तर उद्योग समिति सभापतिमा भने निर्वाचन हुने भएको छ । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा जनमत पार्टीका अब्दुल खान र राष्ट्रिय स्वतन्त्र पार्टीका गणेश पराजुलीको उम्मेदवारी परेको छ । सत्तारुढ गठबन्धन र एमालेबीचको भागवण्डामा यो समिति जनमतले पाएको थियो ।

भागवण्डामा नपरेको रास्वपाले अरु समितिमा उम्मेदवार बनाउन सकेन । कारण- सभापतिमा उम्मेदवार बन्न एक जना प्रस्तावक र एक जना समर्थक आवश्यक हुन्छ । अन्य समितिमा रास्वपाका दुई सांसद मात्र छन् । अब रास्वपालाई उद्योग समिति दिएर समेट्ने सम्भावना पनि कम छ । किनकी जनमत पार्टी सत्तागठबन्धनमा आवद्ध दल हो । सत्तारु दलहरुले सत्तारुढ दलको भागमा परेको सभापति विपक्षमा रहेको रास्वपालाई दिने सम्भावना कम छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा सभामुखले १० वटै विषयगत समिति सभापतिको निर्वाचन सोमबार दिउँसो ३ बजेका लागि निर्धारण गरेको घोषणा अनुरुप निर्वाचन प्रक्रिया अघि बढेको हो ।

नेपाली कांग्रेसका कतिपय सांसदहरुले भने पार्टीभित्र सहमतिबिना सभापति शेरबहादुर देउवाले व्यक्तिगत रुपमा उम्मेदवार छनोट गरेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । विशेषगरी शेखर कोइराला पक्षका सांसदहरूले सभापतिको उम्मेदवार नपाएपछि असन्तुष्टि व्यक्त गरेका हुन् ।

### पेसी...

साथसाथै, न्यायाधीश नियुक्ति नगरी नहुने भएकाले त्यसका लागि प्रक्रिया शुरु गरिसकेको उनको भनाइ थियो । सर्वोच्च, उच्च र जिल्ला अदालतमा गरी १०१ जना न्यायाधीशको पद रिक्त छ । उनले न्यायाधीश नियुक्ति प्रक्रिया जतिसक्दो छिटो गर्नका लागि आफू लागिरहेको र सक्षम न्यायाधीश नियुक्ति गरेर न्यायलयप्रति जनआस्थावृद्धिका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरे । नेपालको ३१ औँ प्रधानन्यायाधीशका रुपमा श्रेष्ठ यही भदौ ४ गते नियुक्त थिए । भदौ ५ गते पद तथा गोपनियताको शपथ लिएर प्रधानन्यायाधीश श्रेष्ठले पदबहाली गरी कार्यभार सुरु गरिसकेका छन् ।

### अब भैरहवाबाट....

भैरहवाबाट हरेक मंगलबार हप्ताको एक उडानबाट सुरु गरी बजारको माग तथा निगमको वजार व्यवस्थापन अनुसार उडानको संख्या बढाउँदै लैजाने योजना रहेको जनाइएको छ ।

नेपाल वायुसेवा निगमका अनुसार बिहान सवा आठ बजे भैरहवाबाट उडेको जहाज नौ बजे काठमाडौंमा अवतरण गर्नेछ । तत्पश्चात ट्रान्जिट भइ हङकङ जाने उडानमा र दिल्ली जाने यात्रु दिल्ली जाने निगमकै कनेक्टिङ उडानमा चढ्ने छन् । यात्रुको सुविधाका लागि चेक इन गर्दा नै गन्तव्यसम्मकै बोर्डिङ पास दिने र लगेज सिधै गन्तव्यमा लिने व्यवस्था मिलाइएको निगमले जनाएको छ ।

यात्रुहरुले निगमको कार्यालय वा निगमको वेबसाइटमा लगइन गरी निगमको टिकट किन्न सक्ने छन् । यसअघि निगमले क्वालालाम्पुरलाई भैरहवासँग जोडेर नियमित उडान गरिरहेको छ ।

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नेपालको राजधानी काठमाडौँबाट २९० किलोमिटर टाढा रहेको विमानस्थल हो । यो विमानस्थल नेपालको राष्ट्रिय विभूति बुद्धको जन्मस्थल लुम्बिनीबाट सबैभन्दा नजिकमा रहेको विमानस्थल हो । वि.सं. २०७८ कार्तिक ६ गते उद्घाटन गरिएको करिब साढे दुई अर्ब रुपैयाँ बराबरको १८०० केजीको भगवान बुद्धको मुर्तिलाई भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा राखिएको छ । लुम्बिनीको पर्यटकलाई आर्कषण गर्ने लक्ष्यका साथ यो विमानस्थल निर्माण भएको हो । राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत निर्माण भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भर्ने कार्य तदारुकताका साथ गर्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयसँगको समन्वयमा निगमले विशेष पहल गरी उडान शुरू गर्ने निर्णय गरेको हो । यसबाट यात्रुलाई थप सुविधा पुग्ने निगमको विश्वास छ ।

### सप्लाई...

कुन कम्पनीमा सप्लाई गर्ने हो, त्यसको विस्तृत विवरण मागपत्रसँगै अनिवार्य पेश गर्ने विषयमा सहमति भएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साउदी समस्या समाधान समितिका संयोजक वैकुण्ठ पौडेल 'वैभव'ले जानकारी दिए । साउदी अरेबियामा सप्लाईअन्तर्गत लेवर र क्लिनर भिसामा जाने नेपाली कामदार बढी समस्यामा पर्ने गरेका छन् । रोजगारदाताले उनीहरुलाई समयमा अकमा नबनाइदिने प्रवृत्ति व्यापकरुपमा रहेको बताइएको छ ।

आइतबार मात्रै साउदी अरेबिया भ्रमणमा गएका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष एवम् निवर्तमान उपप्रधानमन्त्री राजेन्द्र लिङ्देनले आफू स्वदेश फर्केपछि साउदी अरबमा सप्लाई कम्पनीमा नेपाली कामदार पठाउने कार्य रोक्न पहल गर्ने बताएका थिए । उनले त्यहाँ सप्लाई कम्पनीमार्फत काम गरी समस्यामा परेका नेपाली कामदारहरुसँग छलफलपछि उक्त धारणा सार्वजनिक गरेका हुन् ।

उनले सप्लाई कम्पनीमा आएकाहरु समस्यामा परेकाले उक्त समस्यालाई समाधान गर्न यस्ता कम्पनीहरुमा नेपाली कामदार जान श्रम स्वीकृति नै दिन रोक्नुपर्ने धारणा राखेका थिए । साउदी अरबस्थित नेपाली दूतावासले पनि 'सप्लाई कम्पनी भनेको भए साउदी आउने थिइनँ' भन्ने श्रमिक बढी देखिएको भन्दै नेपालबाट जानु अगाडि नै कस्तो कम्पनीमा जाँदैछु भन्नेमा प्रष्ट हुनुपर्ने बताएको छ । दूतावासले करारमा उल्लेखित कागजातमा उल्लेख गरिएको रिक्रुटमेन्ट कम्पनी, म्यानपावर सोलुसनजस्ता नाम जोडिएका कम्पनी भए ती सप्लाई कम्पनी हुन सक्ने भएकाले नामका आधारमा बुझेर पनि सचेत हुन सकिने बताएको छ । दूतावासले सप्लाई पनि बहुतहसम्मको सप्लाई हुने भएकाले अधिकांश सप्लाई कम्पनीमा पारिश्रमिक तथा अतिरिक्त समयको सुविधा न्यून हुने गरेका समस्या आइरहेको बताएको छ ।

साउदीमा सप्लाई तथा कन्ट्राक्टिङ कम्पनीमा जाने कामदारहरु कम्पनीको करार सकिए वा ग्राहक कम्पनीबाट सप्लाई तथा कन्ट्राक्टिङ कम्पनीलाई समयमा रकम भुक्तानी नभएको अवस्थामा कामदारले पारिश्रमिक समयमा नपाउने समस्या गम्भीर रहेको बताइएको छ ।

### नक्कली..

तर ' जान' मा भाषा परीक्षाका लागि आवेदन नै नगरेका केही युवा श्रम स्वीकृति लिएर रोजगारीका लागि जापान पुगेको गाईंगुईं चलेपछि वैदेशिक रोजगार विभागले त्यस विषयमा आन्तरिक छानबिन शुरु गरेको बताइएको छ । छानबिनपछि विस्तृत विवरण सार्वजनिक गरिने विभागका एक कर्मचारीले बताएका छन् ।

विभागले यसअघि विभिन्न श्रम तथा रोजगार कार्यालयबाट दिइने जापानको पूर्व तथा अन्तिम स्वीकृति आइतबारदेखि वैदेशिक रोजगार कार्यालय ताहाचलबाट मात्रै दिने निर्णय गरेको बताइएको छ ।

नक्कली सर्टिफिकेट दिलाएर जापान पठाउने कुन-कुन म्यानपावर हुन् भन्नेबारे मध्यान्हको अनुसन्धान जारी छ ।

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन काठमाडौं**

## वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०८०।०५।११)**

यस डिभिजनको मिति २०८०।०३।२८ को कारोवार राष्ट्रिय दैनिक र मिति २०८०।०३।३१ को अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित क्रमश: सूचना नं. १६।२०७९।८० र १।२०८०।८१ को वोलपत्र आह्वान सूचना बमोजिम तपसिलका ठेक्काहरुको लागि म्याद भित्र E-Bid मार्फत दर्ता भएका वोलपत्रहरु मध्येबाट न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्नानूसारको वोलपत्रदाताको वोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | कवोल अंक रु. (VAT, PS सहित) |
|---|---|---|---|
| RDKTM/337310113 /079/80/080 | Upgrading and maintenance of Road towards Helipad at Bhairavnath Gana, Maharajgunj | Sakshyam Nirman Sewa | 9541393.60 |
| RDKTM/337310113 /080/81/001 | Recurrent maintenance of Balaju-Nepaltar-Sangla Bazar Road and Samakhushi Tokha Road | Aadi Shakti Nirman Sewa Pvt. Ltd | 1921148.03 |
| RDKTM/337310113 /080/81/002 | Recurrent maintenance of Durbarmarg Jaynepal and other SRN/SURN roads under Sector B | Khaptad Sailing Builders Pvt. Ltd. | 1594204.00 |
| RDKTM/337310113 /080/81/003 | Recurrent maintenance of SRN/SURN roads in Core area of Kathmandu (Sector C) | N.G.S. Construction Engineering And Suppliers Pvt. Ltd. | 2649035.27 |
| RDKTM/337310113 /080/81/004 | Recurrent maintenance of Chuchchepati Mahankal Road | N.G.S. Construction Engineering And Suppliers Pvt. Ltd. | 1836933.65 |
| RDKTM/337310113 /080/81/005 | Recurrent maintenance of Kalimati Balkhu Chobhar, Kirtipur Ringroad, TU Access Road | Riddhima Engineering Services Pvt. Ltd. | 1801683.30 |
| RDKTM/337310113 /080/81/006 | Recurrent maintenance of Thankot Chitlang road (Ch 0+000 to 2+500) | Riddhima Engineering Services Pvt. Ltd. | 2180323.13 |

डिभिजन प्रमुख


## मलेसियामा रोजगार

कम्पनी: TAFADHDAL SECURITY SDN BHD
शहर: Malaysia, Kuala Lampur
पूर्व स्वीकृत मिति: २०८०/०५/१० | चलानी नं.: ६०२०६८९७ | LT. No.: 291756

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १८ गते (4 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Frontline Recruitment Pvt. Ltd.
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647 Email:info@manpoweragencynepal.com
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८

## Cyprus मा महिला तथा पुरूषहरुलाई रोजगारको अवसर

कम्पनी: Orthodoxou Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।१०।१३ | चलानी नं. ६०१९५७४९ | LT.No. 280163 | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook A | 02 | 0 | सम्बन्धित काममा दक्ष | 900 | १२८,१४२।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook B | 03 | 0 | | 870 | १२३,८७०।- | | | | | | | |
| 3 | Barmaid | 02 | 0 | | 800 | ११३,९०४।- | | | | | | | |
| 4 | Chambermaid | 0 | 02 | | 700 | ९९,६६६।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ३०,०००।- |

अन्तर्वार्ता २०८० भाद्र १७ गते (3 Sept., 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Apps Services Pvt.Ltd.
Govt. Lice. No.: 1172/073/074
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

## वैदेशिक रोजगार

1. Kaefer LLC., UAE
पुन: विज्ञापन। पूर्व स्वीकृती मिति: २०७९/०६/३१ | चलानी नं.: ६०१८९६३१ | LT No.: 273939

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Scaffolders/Painters/Pipeline Pump Operators | 18 | साधारण | 1000 | ३६,०३०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

अन्तरवार्ता २०८० भदौ १८ र १९ गते (4 & 5 Sept., 2023) जब ओरीएन्टेड ट्रेनिङ सेन्टर, समाखुशीमा हुनेछ ।

2. Jawa Human Resource Co, Saudi Arabia
पूर्व स्वीकृती मिति: २०८०/०५/१० | चलानी नं.: ६०२०६८४० | LT No.: 291671

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Worker | 50 | साधारण | 1000 | ३५,२७१।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

अन्तरवार्ता २०८० भदौ १८ गते ( 4 September, 2023) यस प्रा. लि. को कार्यालय पुल्चोक, ललितपुरमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

यूनाईटेड ईन्टरनेशनल म्यानपावर प्रा. लि.
श्रम ईजाजत नं.: ८३४/०६०/०६१
पुल्चोक, ललितपुर, फोन.: ०१-५१५३३३०, ५१५३३३२, Email : documentunitedint@gmail.com

# जीर्ण भवनमा बस्न बाध्य प्रहरी

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, १० भदौ



जनताको सुरक्षामा खटिएका प्रहरी आफैँ पानी चुहिने र जोखिमपूर्ण भवनमा बस्न बाध्य भएका छन् । नवलपरासीका सीमा क्षेत्रमा रहेका प्रहरी चौकीका भवनहरुको अवस्था जीर्ण र कष्टकर रूपमा प्रहरी बसिरहेका छन् ।

२५/३० वर्ष भन्दा पूरानो प्रहरी चौकीका भवन मर्मत नहुँदा प्रहरीहरू कष्टकर रुपमा बस्न बाध्य भएका छन् । पाल्हिनन्दन गाउँपालिका वडा नं.६ सनई (रगरगंज) स्थित प्रहरी चौकीमा दुईकोठे भवन र बाहिर एउटा जीर्ण भान्सा घर छ । १० जनाको दरबन्दी रहेको यो चौकीमा ६ जना छन् । बर्खामा भवनमा पानी चुहिएर प्रहरीलाई बस्न निकै सकस हुन्छ । टिनले बारेको भान्साघर जीर्ण भइसकेको छ । बर्खामा पानी चुहिएर खाना पकाउन समस्या हुन्छ । टिनले बारेको भान्साघर बेलाबेलामा हावाले उडाइदिन्छ ।

पाल्हिनन्दन गाउँपालिका वडा नं. ६ सनईस्थित (रगरगंज) सीमा प्रहरी चौकीमा दुईकोठे भवनमा कोच्चिएर बस्छन् । भवनका काठ पनि कुहिएर झर्न थालेका छन् । बाहिर भएको भान्साघरको टिन छियाछिया छ । पानी पर्न थालेपछि कहाँ पकाएर खाने भन्ने चिन्ता हुन्छ । 'प्रहरीको बिजोग त त्यहाँभन्दा के हुन्छ र ? जनताको सुरक्षा गर्ने प्रहरी आफैँ असुरक्षित छन् । र आर्सेनिकयुक्त पानी पिउन बाध्य छन्, प्रहरी । 'चौकीमा प्रहरीलाई वर्षाको पानीबाट जोगाउन पाल टाँगिएको छ । भवनमा वर्षा भएपछि पानी चुहिन्छ, झ्याल, ढोका नभएकाले सर्पको जोखिम छ । प्रहरी चौकीको भवनमा 'छतबाट प्लास्टर उप्केर जिउमै पनि खस्छ । दु:खका साथ बसेका छौं' एक प्रहरी जवानले भने ।

त्यस्तै पाँचपेडा प्रहरी चौकीको भवन छत चर्किएको छ भने केही स्थानमा डल्ने अवस्थामा रहेको छ । पानी परेको बेला भवनभित्र पानी पस्छ । केही समय अगाडिसम्म त पानी पर्दा प्रहरीहरू चौकी परिसरमा रहेको प्रतिक्षालयमा सुत्नुपर्ने बाध्यता हुन्छ । 'अहिले फुटेको स्थानमा प्लास्टिक लगाएका छौं । भवनभित्रै सुत्न मिल्ने बनाए पनि यस्तो समस्या हरेक वर्ष प्रहरीले भोग्दै आएको छन् ।'

सरावलको सिमावर्ती क्षेत्रमा रहेको भुजहवा प्रहरी चौकीको भवन पनि उस्तै जीर्ण छ । कार्यालय सञ्चालन र आवासका लागि एउटै भवन प्रयोग हुँदै आएको छ । त्यो पनि जीर्ण अवस्थामा छ । भुजहवा चौकीका लागि बनाइएको भान्साघरको अवस्था दयनिय छ । पानी पर्दा सबै चुहिने भएका कारण छतमा त्रिपाल लगाइएको छ । पानी पर्दा शौचालयमै छाता ओढेर बस्नुपर्ने बाध्यता रहेको छ । 'भान्सा चुहिएर माथि त्रिपाल लगाएका छौं, शौचालयको अवस्था पनि उस्तै छ । मर्मत सम्भारका लागि पालिकासँग अनुरोध गरेका छौं' भुजहवा प्रहरीले बताएको छ ।

सनइ, भुजाहवा,पाँचपेडा प्रहरी चौकीको भवन मात्र होइन, जिल्लाका अधिकांश चौकीका भवन जीर्ण बन्दै गएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्लामा एक जिल्ला प्रहरी कार्यालय र सीमा प्रहरी चौकी ७ बाट प्रहरी चौकी ५ वटा इलाका प्रहरी कार्यालय ७ बाट प्रहरी पोष्ट ३ बाट प्रहरी चौकी रहेका छन् । तीमध्ये एउटा इलाका प्रहरी कार्यालय भवन पुन: निर्माण भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक भोजराज पाण्डेले बताए ।

## सरकारी छाप किर्ते मुद्दाका फरार प्रतिवादी पक्राउ

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १० भदौ

उदयपुरमा सरकारी छाप दस्तखत किर्ते मुद्दाका फरार प्रतिवादी पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार चौदन्डीगढी नगरपालिका -१० देवधार बस्ने ३५ वर्षीय दिलीप चौधरीलाई पक्राउ गरिएको हो ।

प्रहरी नायव उपरीक्षक हरिनन्दन चौधरीले फरार प्रतिवादीलाई खोजतलास गर्ने क्रममा बेल्टारबाट खटिएका प्रहरी निरीक्षकको टोलीले चौदन्डीगढी नगरपालिका-६ स्थितमा लुकिछिपी बसिरहेको अवस्थामा शनिबार राति पक्राउ गरिएको बताए । जिल्ला अदालत उदयपुरले सरकारी छाप दस्तखत किर्ते मुद्दामा २०७५/असार १५ गते ११ महिना १० दिन कैद र ५० रुपैयाँ जरिवाना तोकेको थियो । पक्राउ गरिएको प्रतिवादीलाई मुद्दा फैसलाको अदालतसमक्ष बुझाएको प्रहरीले जनाएको छ ।

## महिलाद्वारा आत्मदाहको प्रयास

**दार्चुला/मस–** दार्चुलामा एक महिलाले शरीरमा मट्टीतेल छर्केर आत्मदाहको प्रयास गरेकी छन् । जिल्लाको शैल्यशिखर नगरपालिका वडा-५ तल्लो सेतकला बस्ने वर्ष ४५ की कम्मान सिंह साउदकी श्रीमती सुना साउदले बिहान ११ बजेतिर शरिरमा मट्टीतेल छर्केर आत्मदहको प्रयास गरेकी जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी प्रमुख तर्कराज पाण्डेयले जानकारी दिए ।

शरीरमा आगो लगाउन लागेको स्थानीयहरुले देखेपछि उद्धार गरेर गोकुलेश्वर अस्पताल लगिएको थियो । उनको शरीरको ६५ प्रतिशत भाग जलेको र अवस्था गम्भीर भएका कारण गोकुलेस्वर अस्पतालमा उपचार सम्भव नहुने भएपछि उनलाई सुविधा सम्पन्न अस्पताल रिफर गर्न लागिएको गोकुलेस्वर अस्पतालका मेडिकल अधिकृत मियाज अन्सारीले जानकारी दिए ।

## लागुऔषधसहित पक्राउ

**सुर्खेत/मस–** सुर्खेतको वीरेन्द्रनगरमा लागुऔषधसहित दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा दैलेखको गुराँस गाउँपालिका-३ बस्ने वर्ष २७ का हरि खत्री र सोही ठाउँ बस्ने वर्ष २२ का टोप्रेन्द्र शाही रहेका छन् ।

दाङबाट जुम्लातर्फ आउँदै गरेको क १ ख १० नम्बरको ट्रकलाई शंका लागि चेकजाँच गर्ने क्रममा उनीहरूलाई वीरेन्द्रनगर-११ सुब्बाकुना चेक पोष्टबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

उनीहरूले ट्रक चालक बस्ने सिटमाथि मिटर बोर्डभित्र १ प्याकेट (नापतौल गर्न बाँकी) अवैध लागुऔषध ब्राउन सुगर लुकाई छिपाई राखेको थिए । उक्त लागुऔषधसहित उनीहरूलाई नियन्त्रणमा लिइ जिल्ला प्रहरी कार्यालय सुर्खेतमा राखिएको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## ललितपुरका नापी अधिकृतिसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** मालपोत कार्यालय ललितपुरका नापी अधिकृत राजन गिरीसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता भोला दाहालका अनुसार नापी अधिकृत गिरी र सर्वेक्षक लोकेन्द्र सिंह धामीले ललितपुरको साबिक टीकाथली गाविस ६, कित्ता नम्बर १६९९ र कित्ता नम्बर १७०१ को विभिन्न कित्ताहरू कायम गर्ने क्रममा तोकेको क्षेत्रफलभन्दा कम हुने गरी कानून विपरीत कित्ताकाट गरेको आरोपमा मुद्दा दायर गरिएको हो ।

उनका अनुसार नेपाल सरकारको नाममा कायम बाटोको कित्ता नम्बर २९४४ को नक्सा र फिल्डमा भएको क्षेत्रफलभन्दा कम क्षेत्रफल कायम गरी नक्सामाभन्दा प्लटरजिष्टर र राजीनामा लिखतमा बढी क्षेत्रफल उल्लेख गरिएको छ ।

कार्यालयका तत्कालीन मालपोत अधिकृत अम्बिकाप्रसाद नेपाल, नायव सुब्बा मनोज पोखरेल, खरिदार युवराज कटुवालले कानुन विपरीत लिखत पारित गरेको आरोप लागेको छ । राउसाई होल्डिङ्गस् प्रा.लि., ललितपुर महानगरपालिका २, सानेपाका अध्यक्ष नेम महर्जन र शेयर होल्डर मनोजबहादुर श्रेष्ठले जग्गा बेच्ने क्रममा नापी कार्यालय र भूमिसुधार तथा मालपोत कार्यालयका कर्मचारीलाई प्रभाव पारी गलत लिखत तयार पारेको आरोप लागेको आयोगको विज्ञप्तिमा उल्लेख छ ।

आरोपितविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजाय हुन मागदाबी लिइ आइतबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर भएको आयोगले जनाएको छ ।

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश, नेपाल

नदिजन्य पदार्थ उत्खन्न तथा विक्रि, वितरणका लागि बोलपत्र आव्हानको सूचना

( प्रथम पटक प्रकाशित मिति २०८०/०५/११ गते)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ (क) र यस बरहथवा नगरपालिकाको आर्थिक ऐन २०८० को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी मधेश प्रदेशको आर्थिक ऐन २०८० को अनुसूची ६ मा ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा विक्री एवम् घाटगद्दी (स्वीकृत खानी बाहेक) मा तोकिएको प्रति इकाई दरमा बरहथवा नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कारवाहीको वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा (Letter Of Authority) संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम ३० दिन भित्र विद्युतिय माध्यमद्धारा (http://www.bolpatra.gov.np.egp) बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. न. | सूचना/वोलपत्र नं. | वोलपत्रको नाम | उत्खन्न परिमाण (घन फिट) | न्युनत्तम वोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | NCB:RIVER /20/2080/081 | वागमती खोलाको हजरिया बागमती बजारघाट टोल घाटबाट नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण | 5502074 | 8308132.20 | सकार वा कवोल रकमको ५ प्रतिशतले हुन आउने रकम | 3000/- |
| २ | NCB:RIVER /21/2080/081 | वागमती खोलाको मलाह टोल घाटबाट नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण | 9740014 | 14707421 | | 3000/- |
| ३ | NCB:RIVER /22/2080/081 | वागमती खोलाको टोकार टोल घाटबाट नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण | 7481957 | 11297755 | | 3000/- |

अन्य विस्तृत शर्तहरुको विवरण कार्यालयको website :- http://barhathwamun.gov.np.en मा राखिएको छ ।

नि. प्रमुख प्रशासकिय अधिकृत

**UAE मा रोजगार** | Kaizo Beauty salon LLC

पुर्व स्वीकृती मितिः २०८०/०५/०८ चलानी नं. ६०२०६८६० LT No.: 291608

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Beautician | 00 | 05 | काममा दक्ष | 800 | १८,८२४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| २. | Receptionist | 00 | 01 | | 800 | १८,८२४।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/– कामदार आफैले | रु. ७००/– कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८० भदौ १८ गते (4 Sept., 2023) यस प्रा. लि. को कार्यालय धुम्बाराही, काठमाडौमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Govt Lic. No: 335/059/060
**Tiger Overseas Employment Services Pvt. Ltd.**
Kathmandu-4, Prakash Marg, Dhumbarahi, 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np

**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: PROTOCOLO CO.FOR DELIVERY OF CONSUMER ORDERS शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०५/१० चलानी नं.: ६०२०६८९६ L.T. No.: 291731

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reporter | 30 | 0 | स. काममा दक्ष | 140 | ५९,८५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ १८ गते (4 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु १०,०००/– |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov Lic. No. 757/064/065
**YOUTH MANPOWER PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel: 977-1-4566755, Fax: 977-1-4566966
E-mail: info@youthmanpower.com, youthmanpower757@gmail.com
Mobile: 9813344450, 9809393801, 9809393802
Jhapa Branch 023591554 Mobile: 9801745554

**साउदी र कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: DAMMAM AXIS COMPANY LTD. शहर:RIYADH
पूर्व स्वीकृत मितिः २०७८/१२/२८ चलानी नं.: ६०१७७७५४ LT. No.: 261282 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 36 | 0 | स. काममा दक्ष | 1000 | ३२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ABDULLAH SAAD AL-SAHLEE EST FOR TRANSPORTING शहर: Dammam
पूर्व स्वीकृत मितिः २०८०/०५/१० चलानी नं.: ६०२०६८७८ LT. No.: 291704

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,३०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: WOODLAND PROJECTS W.L.L. शहर: Doha
पूर्व स्वीकृत मितिः २०८०/०५/१० चलानी नं.: ६०२०६८७९ L.T. No.: 291668

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 2 | 0 | | 1100 | ३९,८२० | | | | | | | |
| 3. | Electro Mechanical Technician | 2 | 0 | | 1100 | ३९,८२० | | | | | | | |
| 4. | Labour | 7 | 0 | | 1000 | ३६,२०० | | | | | | | |
| 5. | Mason | 4 | 0 | | 1100 | ३९,८२० | | | | | | | |
| 6. | Plaster Worker | 2 | 0 | | 1100 | ३९,८२० | | | | | | | |
| 7. | Reinforce Fitter | 4 | 0 | | 1100 | ३९,८२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ १८ गते (4 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. No. 595/062/063
**Amity Human Resource (P.) Ltd.**
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399, 9801034262
Fax: +977-1-4361742, Email: amityhr5@gmail.com Website: www.amityhr.com

**कतारमा रोजगार** | कम्पनी: DANIA MAID FOR CLEANING WLL शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/०५/०४ चलानी नं.: ६०२०६८९५ LT. No.: 291324

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 4 | स. काममा दक्ष | 1000 | ३६,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ १८ गते (4 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

